annapurnapost.com
# अन्नपूर्ण पोस्ट
२११

वर्ष २३, अंक ३३० पृष्ठ ८ | काठमाडौं, आइतबार २४ चैत २०८१ | चैत्र शुक्लपक्ष नवमी, नेपाल संवत् ११४५ | SUNDAY, APRIL 6, 2025 | काठमाडौं, इटहरी, ब... कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# उफ् ! श्वासै फेर्न गाह्रो


## वायु प्रदूषण उत्कर्षमा

काठमाडौंमा पछिल्लो केही दिनयता लागेको तुवाँलोले यहाँको जनजीवन प्रभावित बनेको छ। अध्ययनका अनुसार नेपालमा चैत महिनामा सबैभन्दा बढी वायु प्रदूषण हुने गरेको छ। वर्षभरिको प्रदूषणमा करिब ५० प्रतिशत वायु यही महिनामा दूषित हुने गरेको छ। विगत केही वर्षयता प्रदूषण बढिरहेको छ। सरकारका सम्बद्ध निकायको यस विषयमा स्विकारोक्ति भए पनि नियन्त्रणको प्रयास फितलो देखिन्छ। वायु प्रदूषण चरम उत्कर्षमा पुगे पनि नियन्त्रणमा भने ठोस पहल हुन सकेको छैन।

**सुनिता कार्की** | *काठमाडौं*

**– को रिपोर्ट**

समाचार पृष्ठ २




केही दिनयता बढेको वायु प्रदूषणले धुम्म भएको काठमाडौं। ● सुनिता डंगोल

## रूसी क्षेप्यास्त्र आक्रमणमा कम्तीमा १८ को मृत्यु

**क्रिभी रिह** (एजेन्सी) : युक्रेनी सहर क्रिभी रिहमा रूसी क्षेप्यास्त्र आक्रमणमा परी कम्तीमा १८ जनाको मृत्यु भएको छ। दर्जनौं घाइते भएका छन्। मृत्यु हुनेमध्ये ९ जना बालबालिका रहेका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले बताए। राष्ट्रपति जेलेन्स्की पनि आफ्नो बाल्यकालमा सोही सहरमा हुर्केका थिए।

स्थानीय अधिकारीहरूका अनुसार रूसले ब्यालिस्टिक क्षेप्यास्त्रले आवासीय क्षेत्रमा प्रहार गरेको थियो। सार्वजनिक भएका तस्बिरहरूले एक पीडित खेल मैदानमा लडिरहेको देखाएको छ भने एउटा भिडियोमा १० तले फ्ल्याटको ठूलो भाग ध्वस्त भएको र कैयौं अन्य पीडितहरू सडकमा लडिरहेको देख्न सकिन्छ।

रूसको रक्षा मन्त्रालयले उच्च-परिशुद्धता क्षेप्यास्त्र आक्रमणले एक रेस्टुरेन्टमा 'युनिट कमान्डरहरू र पश्चिमी प्रशिक्षकहरू' को बैठकलाई लक्षित गरेको दाबी गरेको छ।

युक्रेनको सेनाले भने आफ्नो निन्दनीय अपराध ढाकछोप गर्न रूसले गलत जानकारी फैलाएको भन्दै प्रतिक्रिया दिएको छ। मस्कोले हताहतलाई अधिकतम बनाउन क्लस्टर वारहेडको साथ इस्केन्डर-एम ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार गरेको छ सेनाले जनाएको छ।

» बाँकी पृष्ठ ६

## नेपाल-भारत सम्बन्ध अझै फराकिलो भएको छ : प्रधानमन्त्री



### थाइल्यान्ड भ्रमण सफल र फलदायी, भारत भ्रमण छिट्टै हुन्छ

**राधा खनाल** | *काठमाडौं*

प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो थाइल्यान्ड भ्रमण अत्यन्त सफल र फलदायी रहेको बताएका छन्। थाइल्यान्डको औपचारिक भ्रमण तथा बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) छैटौं शिखर सम्मेलनमा सहभागी भई स्वदेश फर्केपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अति विशिष्ट कक्षमा शनिबार सञ्चारकर्मीसँग कुरा गर्दै भ्रमणले दुई देशबीचको सम्बन्ध थप बलियो बनाउन सहयोग पुगेको बताए।

'बिमस्टेकमा सहभागी विभिन्न देशका प्रधानमन्त्रीसँग छुट्टाछुट्टै शिष्टाचार भेटवार्ता गरें। सबैसँग दुई देशको सम्बन्ध सुधार गर्नेसहित आपसी सहयोग र सहकार्य गर्ने कुरामा सहमति भएको छ। समग्रमा मेरो भ्रमण अत्यन्त सफल र फलदायी रह्यो', प्रधानमन्त्री ओलीले भने। बिमस्टेक सम्मेलनका क्रममा नेपालमा लगानीको वातावरण रहेको र सम्भावना रहेको चर्चा गर्दै व्यवसायीलाई लगानी गर्न आह्वान गरेको प्रधानमन्त्री ओलीले बताए। विदेशी लगानीकर्ताहरूले नेपालमा लगानी गर्न इच्छा देखाएको उनले बताए।

» बाँकी पृष्ठ ६

# भाइभन्दा दाइ कान्छा !

## बुवाको मृत्युको मितिमा छोराको जन्ममिति

**गीता कुँवर** | *अछाम*

साँफेबगर नगरपालिका-१ बैजनाथका जोतीसिंह विश्वकर्मा ६० वर्षका भए। विश्वकर्माका अनुसार उनको जन्म २०२१ असार २४ गते हो। तर, उनको नागरिकतामा २०४१ असार ९ गते छ। उनी सन्तानमध्येका माइला हुन्। नागरिकताअनुसार उनका साइँला भाइ अर्जुनभन्दा उनी १५ वर्ष कान्छा छन्। नागरिकतामा अर्जुनको जन्ममिति २०२६ साल छ।

भारतमा नोकरी गर्दै आएका विश्वकर्माले २०६३ असोज २ गते जिल्ला प्रशासन कार्यालय अछाममा नागरिकता बनाएका हुन्। तत्कालीन बैजनाथ गाविसका सचिव गणेशबहादुर शाहले नागरिकताका लागि सिफारिस गरेका थिए। सिफारिसमा जोतिसिंह विश्वकर्माका बुवा जहरे विश्वकर्माको २०४१ सालमा मृत्यु भएकाले निज जोतिसिंहलाई नागरिकताको प्रमाणपत्र उपलब्ध गराइदिनुहुन भनी सचिव शाहले जिल्ला प्रशासन कार्यालय अछामलाई सिफारिस गरेका थिए।



जोतीसिंह विश्वकर्मा

सिफारिसपत्रमा लेखिएको बुवाको मृत्युको मिति आफ्नो जन्ममिति बनाइदिएको उनले बताए। उनले भने, 'गाविस सचिव स्वर्गीय भइसके, आफूले पनि त्यतिबेला नागरिकता बनाइसकेपछि हेरफेर केही गरिनँ। अहिले उमेर ६१ वर्षको भइसक्यो। भारतमा नोकरी थियो। त्यहाँबाट अवकाश पाएर गाउँमै बस्ने गरी फर्किएँ। काम विशेषले नागरिकता हेर्दा त ४० वर्षको मात्र भएको रहेछु। म छक्क परें।'

असोजमा घर बनाउन जग्गा खरिद गर्ने क्रममा नागरिकता हेर्दा जन्ममिति देखेर आफू अचम्ममा परेको उनले बताए। उनले यस विषयमा वडाध्यक्ष नन्दसिंह ठकुल्लालाई जानकारी गराई सच्याउन पहल गरिदिन आग्रह गरेको बताए।

वडाअध्यक्षसहित पुस ११ गते जिल्ला प्रशासन कार्यालयमा पुगे पनि कार्यालयबाट सच्याउन नसकिने भन्दै फर्काइदिएको उनले बताए। उनले भने, 'नातिनातिनी २१/२२ वर्षका भइसकें। मेरो उमेर ४० वर्षको मात्र छ। मेरो नागरिकताको उमेर हेर्ने हो भने त जेठो छोरा मदन मभन्दा ६ वर्षमात्र कान्छो भयो। भन्न पनि लाज लाग्छ।' नागरिकताअनुसार उनकी श्रीमती गंगाभन्दा जोति १७ वर्ष कान्छा देखिन्छन्। जोतिका ४ छोराबाट ९ नातिनातिनी छन्। उनकी जेठी नातिनी एलिना २२ वर्षकी भइन्। उनी स्नातक तहमा अध्ययनरत छिन्।

» बाँकी पृष्ठ ६




Pizza Hut, Durbar Marg · Pizza Hut, Eyeplex Mall, Baneshwor · Pizza Hut, BBSM, Thimi · Pizza Hut, City Square Mall, Samakhusi
Pizza Hut, Boudha · Pizza Hut, Sukhanagar, Butwal · Pizza Hut, The Centurion Mall, Biratnagar · Pizza Hut, The Skyline Mall, Birgunj